# च्याउ ग्राम स्थापना कार्यक्रम कार्यान्वयन विधि, २०७६

**प्रस्तवानाः** च्याउको खेतीका लागि प्रदेश नं. ५ मा उपयुक्त हावापानी, तापक्रम र जनशक्तिको सहज उपलब्धता रहेको हुँदा यस प्रदेशलाई च्याउमा आत्मनिर्भर उन्मुख बनाउने उद्देश्यले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने कार्यक्रमलाई पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यक्रम सञ्चालन विधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधिको नाम "**च्याउ ग्राम स्थापना कार्यक्रम कार्यान्वयन विधि, २०७६**" हुनेछ।

(२) यो कार्यक्रम सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यक्रम सञ्चालन विधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन विधिमाः-

(क) "कृषक समूह" भन्नाले सरकारी निकायमा दर्ता भएका कृषकहरुको समूहलाई सम्झनु पर्छ।

(ख) "कृषि सहकारी" भन्नाले प्रचलित कानून बमोजिम गठन भई दर्ता गरिएको कृषि सहकारी संस्था तथा कृषि कार्यमा संलग्न बहुउद्दीय सहकारी संस्था समेतलाईं सम्झनु पर्छ।

(ग) "च्याउ ग्राम" भन्नाले च्याउको व्यवसायिक उत्पादन, प्रशोधन, बजारीकरण तथा गुणस्तर बृद्धिमा संलग्न एकै क्लस्टरको कम्तिमा २५ घरधूरीहरु भएको समुदाय सम्झनु पर्छ।

(घ) "च्याउ ग्राम स्थापना कार्यक्रम" भन्नाले च्याउ ग्राम स्थापनाको लागि आवश्यक च्याउको उत्पादन, प्रशोधन तथा बजारीकरणलाई टेवा प्रदान गर्न सञ्चालन गरिने क्रियाकलापहरुलाई सम्झनु पर्छ।

(ङ) "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(च) "प्रस्तावक" भन्नाले च्याउ ग्राम स्थापना कार्यक्रम सञ्चालनका लागि आवेदन दिएका कृषक समूह र कृषि सहकारीलाई सम्झनुपर्दछ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश नं ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ज) “सम्बन्धित निकाय” भन्नाले मन्त्रालय मातहतका कार्यालयहरु सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले प्रदेश नं ५ का गाउँपालिका, नगरपालिका र उपनगरपालिकालाई सम्झनु पर्छ।

(ञ) "ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँ कार्यक्षेत्र भएको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

३. **कार्यक्रमको उद्देश्यः** यो कार्यक्रमको उद्देश्य च्याउ कृषकहरुलाई सँगठित गरी प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि गर्दै व्यवसायिक च्याउ उत्पादन प्रशोधन तथा बजारीकरण मार्फत आयस्तरमा दीगो वृद्धि गर्न एक नमुना च्याउ ग्रामको रुपमा विकास गर्नु रहेको छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन विधि

४. **कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) कार्यक्रम सञ्चालन गर्ने मुख्य जिम्मेवारी कृषि विकास निर्देशनालयको हुनेछ। निर्देशनालयले आवश्यकता अनुसार अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ।

(२) निर्देशनालयले राष्ट्रिय वा प्रदेश स्तरीय दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ।

(३) सम्बन्धित प्रस्तावकले अनुसुची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) प्रस्ताव तयार गर्दा भौतिक पुर्वाधार निर्माणको डिजाईन, लागत ईष्टिमेट, औजार उपकरणहरुको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, अनुदान माग गरेको रकम र प्रस्तावकले व्यहोर्ने रकम र सोको स्रोत समेत खुलाई बिस्तृत रुपमा तयार गर्नु पर्नेछ।

(५) सूचनामा तोकिए बमोजिमका निकायले म्याद भित्र दर्ता भएका निवेदन/प्रस्तावहरु म्याद समाप्त भएको ७ दिन भित्र निर्देशनालयमा प्राप्त हुने गरी पठाई सक्नु पर्नेछ।

५. **<u>समिति सम्बन्धी व्यवस्थाः</u>** (१) प्रस्तावकहरुले अनुदान माग गरी पेश गरेको प्रस्ताव मूल्याङ्कन गरी अनुदान प्रवाह गर्नको लागि देहाय बमोजिम कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः-

(क) प्रमुख, कृषि विकास निर्देशनालय -अध्यक्ष

(ख) सम्बन्धित विषयको महाशाखा प्रमुख वा अधिकृतस्तरको प्रतिनिधि, मन्त्रालय -सदस्य

(ग) प्रमुख, योजना कार्यक्रम तथा अनुगमन शाखा -सदस्य

(घ) लेखा प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(ङ) बाली संरक्षण तथा व्यावसायिक किट विकास शाखा प्रमुख वा जिम्मेवार अधिकृत, निर्देशनालय -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कार्यक्रमसँग सम्बन्धित बढीमा तीन जनासम्म आमन्त्रित सदस्य राख्न सक्नेछ।

६. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा तयार गर्ने र सूचना प्रकाशन गर्न निर्णय गर्ने,

(ख) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन गर्न र कार्यक्रम तथा अनुदान वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन आवश्यक कार्य गर्नुका साथै आवश्यकता अनुसार अन्य उपसमिति गठन गर्न सक्ने,

(ग) दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक छनौट गर्ने/गराउने,

(घ) प्रारम्भिक छनौट भएका प्रस्तावको आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,

(ङ) स्थलगत निरीक्षण टोलीको प्रतिवेदन/सिफारिसमा उल्लेख भएअनुसार प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने वा अस्वीकृत गर्ने निर्णय गर्ने,

(च) प्रस्तावको अन्तिम मूल्याङ्कन अनुसुची-६ बमोजिम गर्ने/गराउने,

(छ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधिभित्र रही सम्झौताको लागि अनुदानग्राही छनौट गर्ने,

(ज) प्रस्तावकले प्रस्ताव गरेको कार्ययोजनालाई आवश्यकता भए परिमार्जन सहित अन्तिम रुप दिने,

(झ) कार्यक्रमको आवश्यकता अनुसार सुपरिवेक्षण र अनुगमनमा सहयोग गर्न सक्ने।

७. **कार्यक्रम कार्यान्वयनः** (१) निर्देशनालयले ३० दिने सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्नेछ।

(२) च्याउ ग्राम स्थापना कार्यक्रमका लागि प्रस्तावमा आधारित अनुदान प्राप्त गर्न देहायका मापदण्ड पुगेका प्रस्तावकहरुले अनुसूची-१ बमोजिमको निवेदन तथा आवश्यक कागजातहरु संलग्न राखी आवेदन दिन सक्नेछन्ः-

(क) प्रस्तावक व्यावसायिक रुपमा च्याउको उत्पादन, प्रशोधन तथा बजारीकरणको क्रियाकलापहरु लगायत च्याउको मुल्य श्रृंखलामा आधारित वा कुनै एक क्रियाकलापहरुमा संलग्न भएको हुनु पर्नेछ।

(ख) प्रस्तावित स्थलमा कम्तिमा मोटर बाटो, विद्युत, पानी, आदि सुविधा भएको हुनु पर्नेछ।

(ग) एक च्याउ ग्राममा कम्तीमा २५ घरधूरी एकै क्लस्टरमा भएको हुनु पर्नेछ। प्रत्येक घरपरिवारबाट एक एक जना कृषि समुह वा कृषि सहकारीको सदस्य हुनु पर्नेछ।

(घ) च्याउ उत्पादन वर्षभरी नै गर्ने गरी आवश्यक संरचना, उत्पादन योजना, उत्पादन पश्चातको बजारीकरण, उत्पादनहरुबाट लिन सकिने लाभ र विकार तथा फोहर ब्यवस्थापनको उचित योजना भएको हुनु पर्नेछ।

(ङ) मानव स्वास्थ्य तथा वातावरणीय प्रदूषण नियन्त्रण, लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा प्राकृतिक स्रोत साधनहरुको संरक्षण लगायतका विषयमा संवेदनशील हुनु पर्नेछ।

(च) कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित समुह वा सहकारीको बैठकको निर्णय हुनु पर्नेछ।

(छ) प्रस्तावक गत आ.व. सम्म दर्ता भई स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर प्रमाण-पत्र लिएको हुनु पर्नेछ।

(ज) कृषि सहकारीहरुको हकमा गत आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण-पत्र र लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(झ) प्रस्तावकको परियोजना स्थलको जग्गा आफ्नै स्वामित्वको हुनु पर्नेछ वा कम्तिमा १० वर्षका लागि भाडामा लिएको सम्झौता भएको हुनु पर्नेछ।

(ञ) विगत २ आ. व. भित्र सोही प्रयोजनका लागि कुनै निकायवाट अनुदान नलिएको अनुसूची-२ बमोजिमको प्रतिवद्धता पत्र, अनुसूची-३ बमोजिमको ढाँचामा स्थानीय तहको सिफारिस र अनुसूची-४ बमोजिमको कृषि ज्ञान केन्द्रको सिफारिस समेत पेश गर्नु पर्नेछ।

(ट) प्राप्त प्रस्तावहरु मध्ये कार्यक्रम व्यवस्थापन समितिबाट प्राथमिकताक्रमका आधारमा छनौट भएका र वैकल्पिक प्रस्तावहरु छनौट गरी स्वीकृति भएको प्रस्तावकहरुलाई समयावधि तोकी सम्झौताको लागि सूचित गरिनेछ।

(ठ) यस अघि च्याउ खेती गरीरहेका कृषकहरुले व्यवसाय बिस्तार गरी च्याउग्राम स्थापना गर्न चाहेमा प्राथमिकता दिइनेछ ।

(ड) छनौट भएका प्रस्तावकसँग स्वीकृत कार्ययोजना सहित अनुसूची-७ को ढाँचामा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। छनौट भएका प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रम अनुसार वकैल्पिकमा रहेका प्रस्तावकलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद–३

## अनुदान प्रवाह विधि

८. **अनुदानको सीमाः** (१) स्वीकृत कार्ययोजनाको लागि बजेटको परिधि भित्र रही कार्यक्रम व्यवस्थापन समितिको सिफारिसको आधारमा कुल लागतको बढीमा ५० प्रतिशत सम्म वा रु. २५,००,०००।०० (पच्चिस लाख) मध्ये जुन कम हुन्छ सोही बराबरको रकम अनुदान स्वरुप उपलब्ध गराईनेछ।

(२) यस कार्यक्रममा देहाय बमोजिमका क्रियाकलापहरुमा अनुदान रकम उपलब्ध गराईनेछः-

<table>
<tr><th>क्र.सं.</th><th>अनुदान सहयोगको विवरण</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>उत्पादनमा सहयोग</td><td rowspan="12">प्रत्येक घरधूरीले कम्तीमा १०० पोका (१ पोका बराबर ४०० ग्राम) च्याउको बीउ उत्पादन प्रयोजनका लागि टहरा बनाएर नै लगाउनुपर्छ। प्रति च्याउ ग्रामको हकमा न्यूतनम ५००० पोका प्रति वर्ष लगाउनु पर्नेछ।</td></tr>
<tr><td>१.१</td><td>गुणस्तरीय बीउको प्रयोगमा अनुदान सहयोग</td></tr>
<tr><td>१.२</td><td>च्याउको टहराहरु निर्माणमा सहयोग/ उच्च प्रविधियुक्त च्याउ घर निर्माणमा सहयोग</td></tr>
<tr><td>१.३</td><td>फोहोराहरु जडानमा सहयोग</td></tr>
<tr><td>१.४</td><td>प्लाष्टिक पोकाहरु हाईग्रोमिटर थर्मोमिटर लगायतका अन्य उत्पादन सामग्रीहरु सहयोग</td></tr>
<tr><td>२.</td><td>प्रशोधन तथा बजारीकरण सहयोग</td></tr>
<tr><td>२.१</td><td>सोलार ड्रायर आदिमा सहयोग</td></tr>
<tr><td>२.२</td><td>क्यानिङ लगायतका प्रशोधन कार्यको लागि प्रशोधन प्लान्टमा सहयोग</td></tr>
<tr><td>२.३</td><td>ग्रेडिंग, प्याकेजिङ तथा लेबलिङ्गको लागि सहयोग</td></tr>
<tr><td>२.४</td><td>प्रशोधन तथा बजारीकरण सहयोगका लागि आवश्यक अन्य सामग्रीहरु जस्तै चिलिङ्ग भ्यान आदि।</td></tr>
<tr><td>३.</td><td>क्षमता अभिवृद्धी वा तालिम (एक लाख रकम नबढ्ने गरी )</td></tr>
</table>

९. **<u>प्रस्तावकले लगानी गर्ने रकम</u>** : प्रस्तावकले आफूले लगानी गर्न कबोल गरेको रकम तथा अन्य पूर्वाधारको व्यवस्था गरी वा वित्तीय संस्थाबाट लगानी हुने अवस्थामा वित्तीय संस्थाको प्रतिवद्धता पत्र वा अन्य भरपर्दो विवरण प्राप्त भएपछि मात्र स्वीकृत प्रस्तावकलाई कार्यक्रम अघि बढाउन कार्यदिश दिईने छ।

१०. **<u>खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्थाः</u>** रकमको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत भएका प्रस्तावकहरुले प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अपनाउनु पर्नेछ।

(ख) स्वीकृत भएका प्रस्तावहरुलाई अनुगमनकर्ताले कार्य सम्पन्न प्रतिवेदन र बिल भरपाई सहित भूक्तानीका लागि माग भई आएपछि सम्झौतामा उल्लेखित आधारमा भुक्तानी गरिनेछ।

(ग) कुल लागनीको जम्मा ५० प्रतिशत रकम आवेदकले व्यहोर्नु पर्नेछ।

११. **<u>भुक्तानीको लागि पेश गर्नु पर्ने कागजातः</u>** (१) काम सम्पन्न गरी भुक्तानीको लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखि पेश गर्नु पर्नेछ :-

(क) सम्झौता-पत्रको प्रतिलिपि वा कार्यदिशको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) निर्माण कार्यका लागि प्राविधिकले तयार गरेको बिल,

(घ) कार्यसम्पन्न प्रतिवेदन र नापी कितावको सक्कल प्रतिलिपि,

(ङ) विल विजकहरुको सक्कल प्रति,

(च) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,

(छ) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन,

(ज) स्थानीय तह तथा कृषि ज्ञान केन्द्रको सिफारिस,

(झ) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,

(ञ) सार्वजनिक सुनुवाईको माईन्युटको प्रतिलिपि,

(ट) आवश्यक निर्णयहरुको प्रतिलिपि आदि।

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिले सिफारिस पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

१२. **<u>रकम उपलब्ध गरिने आधारहरु</u>** : अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(ख) कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्ष भित्र सोही विषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन।

(च) कार्यक्रम सञ्चालनको लागि खर्च भएको विवरण दुरुस्त राख्नु पर्नेछ।

(छ) कार्यसम्पन्न भएपश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्नेछ।

(ज) भुक्तानीका लागि पेश भएका निवेदनहरुको स्थलगत अनुगमन गरी खर्च भएका प्रतिवेदनका आधारमा नियमानुसारको कर कट्टि तथा प्रचलित कानून बमोजिम कन्टिन्जेन्सी रकम कट्टा गरी अनुदानग्राहीको बैंक खातामा चेक मार्फत भुक्तानी दिईनेछ।

## परिच्छेद–४
## विविध

१३. **अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः** च्याउ ग्राम स्थापना कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय र सम्बन्धित केन्द्रहरुले संयुक्त वा आवश्यकता अनुसार छुट्टा छुट्टै पनि गर्न सक्नेछन्।

१४. **प्रचलित कानून लागू हुनेः** यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यक्रम सञ्चालन विधिमा व्यवस्था भएकोमा यसै कार्यक्रम सञ्चालन विधि बमोजिम तथा व्यवस्था नभएको हकमा प्रचलित कानूनमा बमोजिम हुनेछ।

१५. **संशोधन, परिमार्जन, बाधा अड्चन फुकाउ** : मन्त्रालयले यस कार्यक्रम सञ्चालन विधिमा आवश्यक परिमार्जन एवं संशोधन र बाधा अड्चन फुकाउन सक्नेछ।

## अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**आवेदन-पत्रको ढाँचा**

श्री कृषि विकास निर्देशनालय,

प्रदेश नं ५,रुपन्देही।

**विषयः  च्याउ ग्राम स्थापना कार्यक्रम सम्बन्धमा।**

हाम्रो ..............कृषक समूह/ कृषि सहकारी संस्थाबाट .................. जिल्ला, ........................म.न.पा./उप–म.न.पा./न.पा./गा.पा.,.....वडा नं अन्तर्गत..................स्थानमा च्याउ ग्राम स्थापना कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोले सो का लागि अनुमानित लागत रकमको रु.....................मध्ये रु .................. हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु......................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु/ गरेका छौ।

तपसिलः

- कृषक समूह/कृषि सहकारी संस्थाको दर्ता प्रमाणपत्रको छाँयाप्रती (नियमानुसार नविकरण समेत भएको हुनुपर्ने) र स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी
- कृषि सहकारी संस्थाको गत आ.व. सम्मको लेखा परिक्षणको प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा नियमानुसार कर चुक्ताको लागि म्यादथप भएकोमा सो को प्रतिलिपी। कर दाखिला गरेको रसिद वा अन्य रसिद मान्य हुने छैन
- सम्बन्धित म.न.पा./उप–म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थानमा भौतिक पुर्वाधारहरु (सडक, पानी, बिजुली आदि) उपलब्धता र स्थानीय तहको प्राथमिकता क्षेत्रमा रहेको व्यहोराको सिफारिस पत्र
- सम्बन्धित कृषि ज्ञान केन्द्रबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रुपमा उपयुक्त रहेको व्यहोराको सिफारिस पत्र
- कृषक समूह/कृषि सहकारीको प्रस्ताव पेश गर्ने र जिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रती र जिम्मेवार व्यक्तीको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- जग्गाको लालपुर्जा वा लिजमा लिएको भए १० वर्षको सम्झौता पत्र र सम्बन्धित जग्गा धनिको लालपुर्जाको प्रतिलिपि
- प्रस्तावकको कम्तिमा १० वर्ष सम्म व्यवसाय सञ्चालन गर्ने अनुसूचि-५ बमोजिम प्रतिवद्धता-पत्र

- (नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरु मूल्याङ्कनको लागि अगाडी बढाइने छैन।)

निवेदकको नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नं.:

## अनुसूची-२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

### खण्ड—क

**प्रस्तावकको सारांश विवरण**

१. व्यावसायिक कृषक समूह /कृषि सहकारीको नाम र ठेगाना : ..........................
...................................... .................................................................

२. समूह/सहकारी दर्ता नं. र दर्ता मितिः .....................................................

३. दर्ता भएको कार्यालयः ......................................................................

४. सदस्य संख्या ........................ महिला ................... पुरुष ..............
दलित .................... जनजाति ................

५. लाभाविन्त कृषक संख्याः .............. प्रत्यक्ष ............... अप्रत्यक्ष ...............

६. कारोबार शुरू मितिः ......................................................

७. च्याउ ग्राम कार्यक्रममा आवद्ध हुन चाहेका कृषकहरुको विवरणः

| क्र.सं. | कृषकको नाम | ठेगाना | फोन नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | | | | | |
| १८ | | | | | |
| १९ | | | | | |
| २० | | | | | |
| २१ | | | | | |
| २२ | | | | | |
| २३ | | | | | |
| २४ | | | | | |
| २५ | | | | | |
| २६ | | | | | |

## खण्ड — ख

## प्राविधिक प्रस्तावनाको ढाँचा

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | कार्यक्रमको सारांश<br>• यस खण्डमा कार्यक्रमको संक्षिप्त पृष्ठभुमी/परिचयको साथै कार्यक्रमका उद्देश्य, प्रतिफल कार्यान्वयन तरिका, परियोजनाको दिगोपना र कार्यक्रमको अनुमानित लागतको साथै वित्तिय विश्लेषणको संक्षिप्त रुपमा उल्लेख गर्नु पर्दछ। | |
| २ | कार्यक्रमको प्रस्तावित क्षेत्र<br>• प्रस्ताव गरिएको भौगोलिक क्षेत्रको संक्षिप्त विवरण तथा पूर्वाधार सडक पानी बिजुली बजार आदीको उपलब्धता | |
| ३ | कार्यक्रमको उद्देश्य<br>• प्रस्तावित कार्यक्रम कार्यान्वयन पश्चात हासिल हुन सक्ने उद्देश्यको बारेमा उल्लेख गर्ने | |
| ४ | कार्यक्रमको प्रतिफल / उपलब्धी<br>• प्रस्तावित कार्यक्रम कार्यान्वयन पश्च्यात प्राप्त हुने प्रतिफल/उपलब्धी र ति प्रतिफल/उपलब्धी हासिल भए/ नभएको मापन गर्ने सुचक समेत उल्लेख गर्नु पर्ने। सूचक | |

| | | |
|---|---|---|
| | उल्लेख गर्दा समय परिमाण र गुणस्तर समेत झल्कने किसिमले गर्नु पर्ने छ। | |
| ५ | कार्यक्रमको कार्यान्वयन तरिका<br>(प्रस्तावित कार्यक्रममा समावेस गरिने क्रियाकलापहरुको विवरणको साथै प्रत्येक क्रियाकलापहरु कहिले, कहा, किन,कसरी कार्यान्वयन गरिने हो सो को व्याख्या समेत गर्नु पर्ने छ।)<br>• कार्यान्वयन पद्दति<br>• आवश्यक सामग्रीहरुको उपलव्धता<br>• समयको प्रयाप्तता<br>• रचनात्मक तत्वहरु | |
| ६ | प्रस्तावित कार्यक्रमको कार्ययोजना<br>• प्रस्तावित कार्यक्रममा समावेस गरिने क्रियाकलापहरु कुन कुन महिनामा कार्यान्वयन गरिने हो सो को कार्य तालिका सहित पेश गर्नु पर्ने छ। | |
| ७ | कार्यक्रमको लाभान्वित वर्ग<br>• प्रस्तावित कार्यक्रम कार्यान्वयनबाट प्रत्यक्ष/अप्रत्यक्ष रुपमा लाभान्वित हुने समुदायको संक्षिप्त विवरण।<br>• कार्यक्रमबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा श्रृजना हुने रोजगारी नियमित हो कि आंशिक हो सो को संख्या समेत खुलाउनु पर्ने छ। | |
| ८ | कार्यक्रमको व्यावसायिक योजना | |
| ८.१ | कार्यक्रमको प्राविधिक पक्ष<br>• कच्चा पदार्थको आपूर्ति व्यवस्था र सो को व्यवस्थापन<br>• भौतिक लक्ष्यहरुः कार्यक्रमको क्षमत्ता<br>• उत्पादन/प्रशोधन प्रविधिको विवरण | |

| | | |
|---|---|---|
| | • उत्पादन/प्रशोधन योजना तथा प्रक्रिया<br>• प्राविधिक जनशक्ति तथा आपूर्तिको व्यवस्था<br>• उत्पादित वस्तुहरुको विशेषताहरु | |
| ८.२ | बजारीकरण पक्ष<br>• बजारको विकास र बजारीकरणको रणनीति<br>• लक्षित ग्राहकहरु<br>• लक्षित बजारका प्रतिस्पर्धिहरु<br>• लक्षित बजारका विशेषताहरु<br>• मुख्य उत्पादनका विशेषताहरु<br>• बजारमा उपलब्ध अवसरहरु<br>• बजार विकासका चुनौतीहरु | |
| ८.३ | व्यावस्थापकीय पक्ष<br>• प्रस्तावित च्याउ ग्रामको क्रियाकलापमा जिम्मेवारी बाँडफाँड<br>• मानविय संशाधनको विकास/ तालिम<br>• व्यवस्थापकीय अनुभव र क्षमता | |
| ८.४ | वातावरणीय र सामाजिक पक्ष<br>• कार्यक्रम सञ्चालनबाट वातावरणमा पर्न सक्ने नकारात्मक असर र सो को न्यूनीकरणका उपायहरु | |
| ८.५ | वित्तीय पक्ष<br>• पुँजीगत लगानीको लागत अनुमान<br>• उत्पादन खर्चको अनुमान<br>वार्षिक उत्पादन खर्च आंकलन<br>• उत्पादन बिक्रि र आयको प्रक्षेपण<br>कार्यक्रमको उत्पादन योजना | |

| | | |
|---|---|---|
| | आम्दानी प्रति वर्ष<br>• चालु पुँजीको आवश्यकताको प्रक्षेपण<br>चालु खर्च प्रति वर्ष<br>• प्रक्षेपित नाफा नोक्सान हिसाव, वासलात र नगद प्रवाह विवरण<br>नाफा नोक्सान अनुमान<br>लगानी फिर्ता अवधि<br>लागत लाभ अनुपात | |
| ९. | सम्बन्धित निकाय विच समन्वयन र सहकार्य<br>• कार्यक्रमसँग सम्बन्धित निकायहरुसँग के कस्तो प्रकारको सहकार्य र समन्वयन हुन सक्छ स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने।<br>• कुनै निकायसग सहकार्यको लागि सम्झौता भएमा निजहरुको भूमिका र जिम्मेवारी समेत उल्लेख गर्नु पर्ने। | |
| १० | दिगोपना<br>• उपलब्धी र प्रतिफललाई दिगो राख्ने क्षमता<br>• वातावरणीय रुपले दिगोपना<br>• आर्थिक रुपले दिगोपना<br>• सामाजिक रुपले दिगोपना<br>• नाफा गर्न सक्ने क्षमता<br>• दीर्घकालीन लक्ष्यको निर्धारण | |
| ११. | प्रस्तावकको प्राविधिक दक्षता/तालिम | |
| १२. | कार्यक्रमको औचित्य | |
| १३ | कार्यक्रमको निष्कर्श | |

## खण्ड ग

## आर्थिक प्रस्तावना

### १. आर्थिक सांराशः

| सि.नं. | क्रियाकलापहरु | कुल | अनुदान | अनुदानग्राहीको | कैफियत |
|---|---|---|---|---|---|

| | | लागत | माग गरेको रकम | योगदान | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| कुल जम्मा | | | | | |

**२. विस्तृत आर्थिक प्रस्ताव**

| सि.नं. | क्रियाकलापहरु | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कुल जम्मा | | | | | |

**नोटः** यो प्रस्तावना फारमको नमूना मात्र हो। यस प्रस्तावना फारममा उल्लेख भएका वुदाहरुको विस्तृत रुपमा व्याख्या गर्नुका साथै आर्थिक प्रस्तावनामा प्रत्येक क्रियाकलापहरुको छुट्टा छुट्टै रुपमा रकम प्रस्ताव गरेको हुनु पर्दछ।

## खण्ड—घ

## प्रस्तावित व्यावसायिक योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा

....................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार च्याउको ग्राम स्थापना कार्यक्रमको लागि अनुदान सहयोग कार्यक्रमको लागि चालु आ. व. र विगत २ आ. व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं। उपयुक्त बमोजिमको विवरणहरू मैले जाने–बुझेसम्म सही छ। झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला/बुझाउँला।

| | |
|---|---|
| साक्षीः | निवेदकः |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

## अनुसूची-३

(दफा ७ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

**च्याउ ग्राम स्थापना कार्यक्रमको लागि स्थानीय तहले उपलब्ध गराउने सिफारिस-पत्रको ढाँचा**

श्री कृषि विकास निर्देशनालय
रुपन्देही, प्रदेश नं. ५।

**विषयः सिफारिस सम्बन्धमा।**

तहाँ कार्यालयको मिति .................. मा .......................... पत्रिका प्रकाशन भएको सुचना अनुसार ........................... जिल्ला ...................... गा.पा./न.पा./उप-न.पा/म.न.पा. ............ वडा नं. ............ टोलमा स्थित ..................................... कृषक समूह/कृषि सहकारी संस्थाले ...................................................... कार्यक्रम ...................................स्थानमा संञ्चालन गर्नको लागि तहाँ कार्यालयमा प्रस्ताव पेश गर्न लागेको हुँदा उक्त कार्यक्रम/कार्यक्रम यस गा.पा./न.पा./उप-न.पा/म.न.पा.को प्राथमिकता क्षेत्रमा परेको र कार्यक्रम गर्न सिचाई सुविधा/सडक/विद्युत तथा अन्य पुर्वाधार भएकोले सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ।

प्रमुख

................

## अनुसूची-४

(दफा ७ को उपदफा (२) को खण्ड (ञ) सँग सम्बन्धित)

**<u>च्याउ ग्राम स्थापना कार्यक्रमको कृषि ज्ञान केन्द्रले उपलब्ध गराउने सिफारिस पत्रको नमूना</u>**

श्री कृषि विकास निर्देशनालय

रुपन्देही, प्रदेश नं ५ ।

**विषयः सिफारिस सम्वन्धमा।**

तहाँ कार्यालयको मिति ...................मा ...........................पत्रिका प्रकाशन भएको सुचना

अनुसार....................................जिल्ला............................ .गा.पा./न.पा./उप-न.पा/म.न.पा......................... वडा नं............. टोलमा स्थित ..............................

कृषक समूह/कृषि सहकारी संस्थाले ........................................................ कार्यक्रम...................................स्थानमा सञ्चालन गर्नको लागि तहाँ कार्यालयमा प्रस्ताव पेश गर्न लागेको हुँदा उक्तकार्यक्रम/कार्यक्रम प्राविधिक रुपमा उपयुक्त भएको/नभएको र अन्य व्यवस्थापकीय रुपले सक्षम रहेको/नरहेकोले सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ।

प्रमुख

.................

## अनुसूची-५

(दफा ७ को उपदफा (२) को खण्ड (ञ) सँग सम्बन्धित)

प्रतिवद्धता-पत्र

...................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार च्याउ ग्राम स्थापना कार्यक्रमको लागि अनुदान सञ्चालन प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरि घटिमा ................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौ। कार्ययोजना अनुसारको कार्य नगरेमा वा ...........वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा कृषि विकास निर्देशनालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं। इति सम्वत् २०७..........गते .............रोज ..... शुभम्।

नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छापः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

## अनुसूची-६

(दफा ६ को खण्ड (च) सँग सम्बन्धित)

### च्याउ ग्राम स्थापना कार्यक्रमको प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.स. | मूल्याङ्कनका आधार | जम्मा अंक | प्रासंक | कैफियत |
|---|---|---|---|---|
| १. | **सहकारीको किसिम** | **१५** | | |
| | च्याउ सहकारी | १५ | | |
| | कृषि सहकारी | १० | | |
| | बहुउद्देश्यीय | ७ | | |
| २. | **स्वलगानीको प्रतिवद्धता** (सबैभन्दा कम अनुदान माग गर्ने प्रस्तावलाई शतप्रतिशत मानी दामासाहीले अङ्क प्रदान गर्ने) | **१-५** | | |
| ३. | **उत्पादन सामग्री व्यवस्थापन** | **१०** | | |
| | कच्चा पदार्थ (पराल, खर, बाँस, बीउ, आदि) को आपुर्ती सत्प्रतिशत प्रदेशभित्रैबाट भएमा | १० | | |
| | कच्चा पदार्थ (पराल, खर, बाँस, बीउ, आदि) को आपुर्ती ७५ प्रतिशत प्रदेशभित्रैबाट भएमा | ७ | | |
| | कच्चा पदार्थ (पराल, खर, बाँस, बीउ, आदि) को आपुर्ती ५० वा कम प्रतिशत प्रदेशभित्रैबाट भएमा | ५ | | |
| ४. | **कार्यक्रममा नयाँ रचनात्मक तत्वहरुको समावेशको आधार** | **५** | | |
| ५. | **कार्यक्रमबाट रोजगारी सिर्जना** | **५** | | |
| | १० जना भन्दा बढी रोजगारी श्रृजना हुने भएमा वा प्रत्यक्ष लाभान्वित समुदाय २० जना भन्दा बढी हुने भएमा | ५ | | |
| | १० जना भन्दा कम रोजगारी श्रृजना हुने भएमा वा प्रत्यक्ष लाभान्वित समुदाय २० | ३ | | |

| | | | | |
|---|---|---|---|---|
| | जना भन्दा कम हुने भएमा | | | |
| ६. | **समावेशिताको प्रतिशतको आधारमा** | **५** | | |
| | महिला वा दलित सहभागिता ७५ प्रतिशत भन्दा बढी | **५** | | |
| | महिला वा दलित सहभागिता ५० देखि ७४ प्रतिशत सम्म | ३ | | |
| | महिला वा दलित सहभागिता ५० प्रतिशत वा सो भन्दा कम | २ | | |
| ७. | **कार्यक्रमको व्यावसायिक योजना** | **१५** | | |
| ७.१ | प्राविधिक रुपले उपयुक्तता | १-५ | | |
| ७.२ | बजारीकरणको स्पष्ट रणनीति/योजना | १-५ | | |
| ७.३ | व्यवस्थापकीय रुपले उपयुक्तता | १-३ | | |
| ७.४ | वातावरणीय तथा सामाजिक दृष्टिकोणले उपयुक्तता | ०-२ | | |
| ८. | **प्रस्तावित स्थलको उपयुक्तता भबिष्यमा बीउ उत्पादन देखि च्याउ उत्पादन र बजार आउटलेट र च्याउ परिकारको रेष्टुरेन्ट सम्म स्थापना गर्ने सम्भावना** | **१५** | | स्थलगत निरीक्षणवाट मूल्याङ्कन गरिने |
| ९. | **समूह गतिशीलता तथा अन्य व्यवस्थापकीय पक्षहरु सहकारीको बैठकको नियमितता वचत संकलन तथा कोष व्यवस्थापन आदि** | **१०** | | स्थलगत निरीक्षणवाट मूल्याङ्कन गरिने |
| **१०.** | **वातावरणीय तथा सामाजिक दृष्टिकोणले उपयुक्तता** | **१-५** | | |
| **११.** | **प्रस्तावकको च्याउ व्यवसाय सञ्चालनको अनुभव** | **५** | | स्थलगत अनुगमनबाट यकिन गर्ने |
| | ५ वर्ष वा सो भन्दा बढी | ५ | | |
| | २ वर्ष देखी ४ वर्ष भएमा | ३ | | |
| | १ वर्ष वा सो भन्दा कम भएमा | १ | | |
| **१२.** | **प्रस्तावकको प्राविधिक दक्षता** | **५** | | |

| | | | | |
|---|---|---|---|---|
| | समूह भित्र कम्तिमा १ जनाले जेटिए तालिम लिएको भए | ५ | | |
| | समूह भित्र कम्तिमा १ जनाले ३५ दिने ग्रामीण कृषि विकास तालिम लिएको भए | ३ | | |
| | समूह भित्र कम्तिमा १ जनाले १ हर्से च्याउ सम्बन्धी तालिम लिएको भए | २ | | |
| | कुनै पनि तालिम नलिएको भएमा | ० | | |

**नोटः**

- कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार प्रस्तुत मापदण्डको विस्तृतीकरण गर्न सक्नेछ।
- स्थलगत निरीक्षण गर्दा ५० प्रतिशत अंक नल्याउने प्रस्तावहरु स्वत अस्वीकृत हुने छन्।
- प्रस्तावकले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्दा कुल ५० अंक नल्याउने प्रस्तावहरु अस्विकृत हुने छन्।

## अनुसूची–७

(दफा ७ को उपदफा (२) को खण्ड (ड) सँग सम्बन्धित)

**सम्झौता–पत्रको ढाँचा**

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ को कृषि विकास निर्देशनालय .......... ..................... (यस पछि पहिलो पक्ष भनिने) मार्फत सञ्चालन गर्न आ.व. ....... को... ............... कार्यक्रम, ............... ........ कृषक/फार्म/सहकारीका ............... (पद) श्री/सुश्री/श्रीमती ......................... (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति .................................. मा तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौं/लियौं।

१. दोस्रो पक्षले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य शुरु गर्नु पर्नेछ।

२. यस आर्थिक वर्ष .......मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसारको कूल लागत रु.............(अक्षरुपी.................) मध्ये दोस्रो पक्षले रु.............(अक्षरुपी.........) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु................... (अक्षरुपी...............) उपलब्ध गराउनेछ।

३. प्रथम पक्षले कार्य प्रगतिको आधारमा ...............प्रतिशत कार्यसम्पन्न पश्चात ............प्रतिशत र बाँकी .............प्रतिशत रकम सम्पूर्ण कार्य सम्पन्न भई सकेपछी भुक्तानी गरिनेछ।

४. स्वीकृत कार्ययोजना बमोजिमका कार्यसम्पन्न पश्चात सञ्चालन तथा मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

५. कार्यक्रम ..... बर्षसम्म नियमित रुपमा सञ्चालन गर्नु पर्नेछ। साथै सम्झौता मुताविकको स्थल स्थानान्तरण गर्नुपर्ने अवस्थामा प्रथम पक्षको लिखित स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ।

६. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी विधिमा तोकिए बमोजिमका निवेदन, सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक मार्फत रकम भुक्तानी दिइनेछ।

७. दोस्रो पक्षले सञ्चालित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकम प्रचतलित कानून बमोजिम फिर्ता गर्न सक्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरिएको स्थलमा सबैले देख्ने स्थानमा कार्यक्रम मुख्य विवरण सहितको होर्डिङ्ग वोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. दोस्रो पक्षले सम्झौता अनुसारको योजनाको लागि आफनै श्रोत वाहेक अन्य निकायबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

११. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन/तालिम भ्रमण कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१२. कार्यक्रम संचालनको क्रममा आउन सक्ने द्विविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगाना | पदः |
| छापः | कार्यालयको छापः |
| **साक्षी** | **साक्षी** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत .......साल ....... महिना ....गते रोज .... शुभम्